रङ्गीन देश

साइतामा प्रिफेक्चर

# विदेशीका लागि जीवनयापन गाइड

२०२४ संस्करण


| | |
|---|---|
| अध्याय १ | रेसिडेन्सी व्यवस्थापन प्रणाली・आधारभूत निवासी दर्ता प्रणाली・माइनम्बर प्रणाली |
| अध्याय २ | आपतकालीन अवस्था ・प्रकोप ・अपराध रोकथाम ・ ट्राफिक सुरक्षा |
| अध्याय ३ | निवास |
| अध्याय ४ | चिकित्सा・सामाजिक बीमा |
| अध्याय ५ | गर्भावस्था・सुत्केरी・बाल हेरचाह・परिवार |
| अध्याय ६ | पेन्सन |
| अध्याय ७ | शिक्षा |
| अध्याय ८ | कर |
| अध्याय ९ | रोजगारी・काम गर्ने अवस्था |
| अध्याय १० | गाडी चालक लाइसेन्स |
| अध्याय ११ | दैनिक जीवन जानकारी |
| अध्याय १२ | परामर्श विभाग |
| अध्याय १३ | सहर कार्यालय・नगर तथा गाउँ कार्यालयहरूको सूची |
| अध्याय १४ | साइतामा प्रिफेक्चरको परिचय |


साइतामा प्रिफेक्चरको "विदेशीका लागि जीवनयापन गाइड" ११ भाषामा उपलब्ध छन्।

जापानी, अंग्रेजी, चिनियाँ, कोरियाली, स्पेनिश, पोर्चुगिज, तागालोग, भियतनामी, थाई , नेपाली (आंशिक) इन्डोनेसियाली (आंशिक)

https://www.pref.saitama.lg.jp/a0306/tabunkakyousei/seikatsu-guide.html

साइतामा प्रीफेक्चरल नागरिक मामिला विभाग अन्तर्राष्ट्रिय डिभिजन होमपेज



साइतामा प्रिफेक्चरको मस्कट कोबाटोन साइतामाच्ची

## समस्यामा परेको बेलामा, विदेशीका लागि परामर्श

**फोन: ०४८-८३३-३२९६**

सोमबार-शुक्रबार(राष्ट्रिय बिदाहरू र वर्षको अन्त्य र नयाँ वर्ष बिदाहरू बाहेक)९:००-१६:००

https://www.pref.saitama.lg.jp/a0306/tabunkakyousei/sogo-sodan.html

●१२ भाषाहरू सहित "सजिलो जापानी" भाषामा सहयोग

अंग्रेजी (English) 、स्पेनिश (Español) 、चिनियाँ (中文) 、पोर्चुगिज (Português) 、दक्षिण कोरियाली・उत्तर कोरियाली (한국·조선어) 、तागालोग (Tagalog) 、थाई (ภาษาไทย) 、भियतनामी (Tiếng việt) 、इन्डोनेसियाली (Bahasa Indonesia) 、नेपाली (नेपाली) 、रुसी (Русский) 、युक्रेनी (український)( समय लिनु पर्नेछ)

●जीवन परामर्श (नि:शुल्क) ●अध्यागमन प्रणाली/श्रम/कानून/कल्याण परामर्श (नि:शुल्क) *आमने-सामना परामर्श (नि:शुल्क) समय लिनु पर्नेछ

●सार्वजनिक संस्थाहरूको लागि मध्यवर्ती टेलिफोन व्याख्या (नि:शुल्क)

सार्वजनिक संस्थाहरु (सिटी कार्यालय, इत्यादि) मा जापानी भाषा बुझ्नुभएको छैन भने, सार्वजनिक संस्थाका कर्मचारीहरूलाई फोन गर्न अनुरोध गर्नुहोस्।

साइतामा प्रिफेक्चरको "विदेशीका लागि जीवनयापन गाइड"

२०२४ संस्करण

साइतामा प्रीफेक्चरल नागरिक मामिला विभाग अन्तर्राष्ट्रिय डिभिजन

३-१५-१ ताकासागो, उरावा वार्ड, साइतामा ३३०-९३०१

फोन: ०४८-८३०-२७१७

https://www.pref.saitama.lg.jp/soshiki/a0306/index.html



साइतामा प्रिफेक्चरको मस्कट कोबाटोन साइतामाच्ची

# साइतामा प्रिफेक्चर विदेशीका लागि जीवनयापन गाइड सामग्रीको तालिका

---


## अध्याय १

रेसिडेन्सी व्यवस्थापन प्रणाली・

आधारभूत निवासी दर्ता प्रणाली・माइनम्बर प्रणाली

१ रेसिडेन्सी व्यवस्थापन प्रणाली

२ आधारभूत निवासी दर्ता प्रणाली

३ माइनम्बर प्रणाली

४ अन्य प्रणालीहरू

## अध्याय २

आपतकालीन अवस्था・प्रकोप・अपराध रोकथाम・ट्राफिक सुरक्षा

१ आपतकालीन अवस्थाका लागि सम्पर्क

२ जापानका ट्राफिक नियमहरु

३ यातायात दुर्घटना

४ अपराध रोकथाम उपाय

५ अपराध पीडित सहायता

६ प्राकृतिक प्रकोप

## अध्याय ३

निवास

१ निजी भाडाका आवास

२ सार्वजनिक भाडाका आवास

३ बसाइसराइ

४ घर जग्गा खरिद

## अध्याय ४

चिकित्सा・सामाजिक बीमा

१ चिकित्सा बीमा प्रणाली

२ राष्ट्रिय स्वास्थ्य बीमा (क्षेत्रीय बीमा)

३ स्वास्थ्य बीमा (कर्मचारी बीमा)

४ विशेष स्वास्थ्य परीक्षण

५ वृद्धहरूको लागि चिकित्सा प्रणाली

६ नर्सिङ हेरचाह बीमा

७ चिकित्सा संस्था जानकारी

८ अस्पतालमा चिकित्सा जाँच गर्ने तरिका

९ अस्पताल भर्ना

१० वयस्क अभिभावक प्रणाली

## अध्याय ५

गर्भावस्था・सुत्केरी・बाल हेरचाह・परिवार

१ स्वास्थ्य केन्द्र

२ गर्भावस्था・सुत्केरी・बाल हेरचाह・बच्चाहरुको स्वास्थ्य हेरचाह

३ खोप

४ नर्सरी स्कूल

५ शिशु गृह, अनाथालय, आमा र बच्चाको जीवन सहायता सुविधा र बच्चा हेरालु सुविधाहरू

६ बाल चिकित्सा खर्चको लागि अनुदान

७ बालबालिका भत्ता

८ बच्चा र परिवारको सहयोग

९ बालबालिका परामर्श केन्द्र

१० स्थानीय बालबालिका हेरचाह सहायता आधार

११ पारिवारिक सहयोग केन्द्र

१२ बाल गृह, बाल केन्द्र

## अध्याय ६

पेन्सन

१ राष्ट्रिय पेन्सन

२ कल्याणकारी पेन्सन बीमा

## अध्याय ७

शिक्षा

१ किन्डरगार्डेन (नर्सरी स्कुल)

२ प्राथमिक विद्यालय निम्न माद्यामिक विद्यालय

३ उच्च माध्यमिक विद्यालय

४ विशेष विद्यालय

५ विश्वविद्यालय / व्यावसायिक विद्यालय

६ छात्रवृत्ति

७ जापानी भाषा अध्ययन

८ जापानी भाषा क्षमता परीक्षा

अध्याय ८

कर

१ व्यक्तिगत आयकर

२ आवासीय कर

३ अन्य प्रमुख करहरू

अध्याय ९

रोजगारी・काम गर्ने अवस्था

१ काम गर्नको लागि योग्यता

२ कामको खोजि

३ कामसँग सम्बन्धित समस्याहरू

अध्याय १०

गाडी चालक लाइसेन्स

१ विदेशी चालक लाइसेन्स रूपान्तरण

२ चालक लाइसेन्स नवीकरण

३ चालक लाइसेन्स परीक्षण

४ लाइसेन्सको म्याद सकिएपछि के गर्ने

५ ठेगाना परिवर्तन गर्ने प्रक्रियाहरू

६ गाडी खरिद र दर्ता

७ गाडी बीमा

अध्याय ११

दैनिक जीवन जानकारी

१ फोहर नष्ट गर्ने

२ टोल समिती, बासिन्दा समिती, बालबालिका समिती

३ जापानी जीवनशैली

४ यातायात

५ बैंक

६ अन्तर्राष्ट्रिय आदान प्रदान र अन्तर्राष्ट्रिय सहयोग गतिविधिहरू

७ पर्यटन

८ पुस्तकालय

९ कला संग्रहालय

१० संग्रहालय

अध्याय १२

परामर्श बिभाग

१ सामान्य परामर्श

२ विशेषज्ञ परामर्श

अध्याय १३

सहर कार्यालय・नगर तथा गाउँ कार्यालयहरूको सूची

अध्याय १४

साइतामा प्रिफेक्चरको परिचय

१ नगरपालिका स्थान (नक्सा)

२ प्रतीक

३ भगिनी राज्य र प्रान्तहरू

---

※ प्रकाशित ： अप्रिल १, २०२४

त्यसपछि ठाउँको नाम, प्रणाली, शुल्क, आदि परिवर्तन भएको हुन सक्छ।

※ सूचीबद्ध सम्पर्कको बिन्दुहरूमा गरिएका सोधपुछहरू जापानी भाषामा हुनुपर्छ, अन्यथा भनिएको बाहेक

# अध्याय ११
## दैनिक जीवन जानकारी



साइतामा प्रिफेक्चरको मस्कट कोबाटोन

१ फोहर नष्ट गर्ने ごみの しょり

२ टोल समिती, बासिन्दा समिती, बालबालिका समिती
ちょうないかい・じちかい・こどもかい

३ जापानी जीवनशैली にほんの せいかつ しゅうかん

४ यातायात こうつう

५ बैंक ぎんこう

६ अन्तर्राष्ट्रिय आदान प्रदान र अन्तर्राष्ट्रिय सहयोग गतिविधिहरू
こくさいこうりゅう・こくさいきょうりょくかつどう

७ पर्यटन かんこう

८ पुस्तकालय としょかん

९ कला संग्रहालय びじゅつかん

१० संग्रहालय はくぶつかん

साइतामा टेलिभिजन (डिजिटल स्थलीय टेलिभिजन प्रसारणको ३ च्यानल)डाटा प्रसारणमा, विदेशी बासिन्दाहरूको लागि परामर्श केन्द्र साइतामाको जानकारीहरु ६ भाषाहरूमा (जापानी, अंग्रेजी, चिनियाँ, दक्षिण कोरियाली,उत्तर कोरियाली, पोर्चुगिज, स्पेनिश) मा हेर्न सकिन्छ।

---

## १ फोहर नष्ट गर्ने ごみの しょり

घरबाट निक्लने फोहोर संकलन, नगरपालिकाले गर्ने गर्दछ। फोहोर जलाउन सकिने फोहोर, जलाउन नसकिने फोहोर, क्यान र बोतलहरू, र पुन: प्रयोग गर्न मिल्ने फोहोर जस्ता फोहोरको प्रकारका आधारमा विभिन्न दिनहरूमा फोहोरहरू क्रमबद्ध र सङ्कलन गरिन्छ। साथै, **ठूला आकारका फोहोरहरू र नष्ट गर्न गाह्रो हुने फोहोर***हरुमा शुल्क लिएर फाल्न सकिने वा सङ्कलन नगरिने पनि हुनसक्छ। प्रत्येक नगरपालिका अनुसार सङ्कलन गर्ने दिन, फोहोरको वर्गीकरण विधि, फोहोर फाल्ने झोला, डिस्पोजल विधि र सङ्कलन गर्ने स्थानहरू सम्बन्धी आफ्नै नियमहरू हुन्छन, प्रत्येक नगरपालिकाको नियम अनुरुप फाल्ने गर्नुहोस्। बिस्तृत जानकारीको लागि, प्रत्येक नगरपालिका (वार्ड) को सरसफाई विभागमा सम्पर्क गर्नुहोस्।

फ्रिज, एयर कन्डिशनर, टेलिभिजन, वाशिंग मशीन जस्ता ४ वस्तुहरूलाई, ठूलो फोहोरको रूपमा फाल्न मिल्दैन। स:शुल्क, बिक्रि गर्ने पसलले फिर्ता लैजाने गरिएकोले, प्रत्येक निर्माण कम्पनीका विक्रेतालाई सम्पर्क गर्नुहोस्।

*__ठूला आकारका फोहोरहरू या नष्ट गर्न गाहो हुने फोहोर__ भन्नाले, फर्निचर, ओछ्यान, बिजुलीका उपकरण, भान्साका भाँडाकुँडा, घरायसी सामानहरूआदि एक निश्चित साइजभन्दा माथिका बस्तुहरु पर्दछन। उदाहरणका लागि, दराज, टेबुल, कुर्सी, ओछ्यान, गलैंचा, साइकल, भिडियो, चुलो, ग्यास चुल्हो, र गल्फ उपकरणहरू आदि। बिस्तृत जानकारीको लागि, प्रत्येक नगरपालिका (वार्ड) को सरसफाई विभागमा सम्पर्क गर्नुहोस्।

## २　टोल समिती, बासिन्दा समिती, बालबालिका समिती　ちょうないかい・じちかい・こどもかい

स्थानीय समुदायमा एकअर्कालाई सहयोग गर्ने र मित्रतालाई गहिरो बनाउने ठाउँको रूपमा,स्वायत्त कार्यक्रम र गतिविधिहरू समन्वय गर्न प्रत्येक क्षेत्रको आफ्नै छिमेकी संघ हुन्छ। सदस्यता स्वैच्छिक हो,स्थानीयहरु संग सम्बन्ध बढाउन सकारात्मक रूपमा सहभागी बनौं। स्थानीय चाडपर्व र मनोरञ्जन गतिविधिहरू जस्ता विभिन्न कार्यक्रमहरूको जानकारी सर्कुलर बोर्ड बाट जानकारी गराईन्छ। यसलाई पढिसकेपछि तुरुन्तै अर्को घरमा पठाउनुहोस्।

धेरै छिमेकी संघहरूले प्राथमिक विद्यालयका विद्यार्थीहरूको लागि बाल क्लबहरू चलाउँछन्। यी क्लबहरूले चाडपर्वहरू, खेलकुदहरू, रेडियो क्यालिस्टेनिक्स र भ्रमणहरू जस्ता कार्यक्रमहरू आयोजना गर्छन्।

मासिक सदस्यता शुल्क संघ अनुसार फरक हुन्छ।

मासिक सदस्यता शुल्क संघ अनुसार फरक हुन्छ।

थप जानकारीको लागि, आफ्नो छिमेकीहरू, नगर(वार्ड) कार्यालय, शहर वा गाउँ कार्यालयमा सम्पर्क गर्नुहोस्।

## ३　जापानी जीवनशैली　にほん の せいかつ しゅうかん

### (१)　पारिवारिक जीवनशैली　かてい せいかつ

**मुल ढोका：**　जापानी घरको प्रवेशद्वारलाइ मुल ढोका(गेनकान), सामान्यतया अन्य कोठाहरु भन्दा एक स्टेप होचो हुन्छ। जुत्तामा लागेको फोहोर या माटोहरु घर भित्र नआउने गरी डिजाइन गरिएको छ। घर भित्र प्रवेश गर्दा, गेनकानमा आफ्नो जुत्ता

फुकाली छिर्नुहोस। घर भित्र लगाउने चप्पलहरू राखिएको छ भने, लगाउनुहोस।

**थातामी** ： जापानको कोठाको भुइमा वनस्पतिजन्यबाट बनाइएको गुन्द्री जस्तो

म्याटलाइ थातामी भनिन्छ। थातामी भएको कोठामा प्रवेश गर्दा, घर भित्र लगाउने चप्पल पनि खोल्नु पर्दछ।

**फुतोन** ： फुतोन भनिने जापानको ओछ्यानलाइ, थातामीको माथि बिछ्याइन्छ, हरेक बिहान

उठाइन्छ र हरेक रात पुन: बिछ्याइन्छ। जापान उच्च तापमान र आर्द्रता छ,फुतोनलाइ कोठरीमा राख्दा, सकेसम्म चिसो नपस्ने गरि माथिल्लो शेल्फमा राख्नुहोस्। फुतोनलाइ स्वच्छ राख्न र लामो समय प्रयोग गर्नको लागि घाम लागेको दिनमा घाममा सुकौनुहोस।

**फुरो(बाथटब)** ： बाथटबमा प्रवेश गर्ने तरिका, बाथटबमा प्रवेश गर्नुअघि आफ्नो शरीरलाई राम्ररी

धुनुहोस्। त्यसपछि, बाथटब भित्र शरीर डुबाइ, आराम गर्नु साधारणतया जापानीहरूको बाथटबमा प्रवेश गर्ने तरिका हो। बाथटबको तातोपानी १/१ जनाको लागि परिबर्तन गरिदैन। बाथटबबाट निक्लने बेलामा, त्येसपछि प्रयोग गर्ने ब्येक्तिको लागि, प्लग बन्द गर्ने या तातोपानी बगाउने नगर्नुहोस।

**शौचालय** ： शौचालयमा, शौचालयका लागि छुट्टै चप्पल राखिएको हुन्छ। शौचालयमा

कोठामा प्रयोग गर्ने भाडा फरक चप्पल राखिएको छ भने, त्यो चप्पल प्रयोग गर्नुहोस। शौचालयहरू पश्चिमी शैलीको कमोड र जापानी शैलीको दुई प्रकारका हुन्छन।

## (२) ओमिआगे（उपहार）

जापानी चलनमा, उपहारहरू तयार गर्ने केही उदाहरणहरू छन्।

जापानी चलनमा, उपहारहरू तयार गर्ने केही उदाहरणहरू छन्।

नयाँ घरमा सर्ने बेलामा, छिमेकीको घरहरुमा परिचय गर्ने गरिन्छ, त्येतिबेला उपहार (उदाहरणका लागि, रुमाल)लिएर जानु सामान्य हो।

- चिनजानका साथिहरुको घरमा जानेबेलामा, फलफूल र मिठाई जस्ता साना उपहार लिएर जाने गरिन्छ।
- भ्रमण या व्यापार यात्रामा गएको बेलामा, त्यस स्थानमा सहकर्मीहरूका लागि मिठाई किनेर ल्याउने गरिन्छ।

## (३) उत्सव र औपचारिक अवसरहरू いわいごと と かんこん そうさい

**उत्सव：** जापानमा, विवाह, सुत्केरी, विद्यालय प्रवेश आदि पर्व मनाउन नजिकका व्यक्तिहरूलाई उपहार र नगद दिने चलन छ। नगद दिँदा, पसलमा बेच्नका लागि राखेको उपहार खाम प्रयोग गरिन्छ। उपहार खाममा नयाँ नोटहरू (जसलाई बैंकमा साट्न सकिन्छ) राख्ने गरिन्छ।

**विवाह：** जापानको विवाह समारोह, चर्च, होटल र मन्दिरहरूमा आयोजना गरिन्छ। पछिल्लो समय, जापानी र पश्चिमी शैलीको मिश्रित शैलीमा विवाह गर्ने चलन बढेको छ। पुरुषहरूले सामान्यतया कालो सूट, सेतो शर्ट र सेतो टाई लगाउँछन्, महिलाहरूले सामान्यतया किमोनो वा औपचारिक पोशाक लगाउँछन्।

**अन्त्येष्टि：** जब प्रियजनको मृत्यु हुन्छ, जागरण वा अन्त्येष्टि समारोहमा भाग लिने गरिन्छ। जागरण सामान्यतया अन्त्येष्टि समारोहको अघिल्लो रात आयोजना गरिन्छ। जागरण वा अन्त्येष्टि समारोहमा भाग लिँदा, कोडेन(उपहार खाम) (उपहार खाममा नगद, नयाँ नोटको प्रयोग गरिदैंन) दीइ, सोक पुस्तिकामा नाम लेख्ने गरिन्छ। पुरुषहरूले कालो सूट, सेतो शर्ट र कालो टाई लगाउँछन् र महिलाहरूले सामान्यतया कालो लुगा लगाउँछन्। गहना लगाउँदैनन्, तर मोतीको माला लगाउन सकिन्छ।

## (४) टिप ちっぷ

जापानमा सामान्यतया टिप दिने चलन छैन। महँगो रेस्टुरेन्ट, होटल, बैंक्वेट हल आदिमा सेवा शुल्कहरू समावेश गरिएको हुन्छ।

## ४ यातायात こうつう

### (१) रेल でんしゃ

रेल भाडा तिर्न धेरै तरिकाहरू छन्।
जुनसुकै विधिहरूमा पनि, "वयस्क" र "बालबालिका" को लागि मूल्य फरक हुन्छ।
सामान्यतया, १२ वर्ष माथिका "वयस्क" र ६ देखि ११ वर्षकाहरु लाई "बालबालिका" को रुपमा लिइन्छ। प्राथमिक विद्यालयका विद्यार्थीहरू १२ वर्षका भए तापनि "बालबालिका"को रुपमा लिइन्छ। ५ वर्षसम्मका शिशु , साथै भएका "वयस्क" या "बालबालिका" १जनाको लागि, २ जना सम्म नि:शुल्क हुन्छ, तर तेस्रो शिशु देखि "बालबालिका" भाडा लाग्दछ। ० वर्ष को नि: शुल्क हुन्छ।

**सामान्य टिकट**： सामान्य टिकट हो। तपाईले यसलाई स्टेशनमा भेन्डिङ मेसिनबाट किन्न सक्नुहुन्छ।

**कम्युटर पास**： एउटै खण्ड भित्र जति पटक पनि चड्न सकिने टिकट हो।१ महिना, ३ महिना आदि प्रकारका हुन्छन्। प्रयोगकर्ता नाम लेखिएको हुन्छ। अरू मानिसहरूले प्रयोग गर्न मिल्दैन। विद्यालय पास खरिद गर्दा विद्यालयको प्रमाणपत्र चाहिन्छ। खरिद गर्ने तरिकाको बारेमा स्टेशन स्टाफलाई सोध्नुहोस्।

**कुपन**： एउटै खण्डका लागि ११ देखि १४ वटा टिकटहरू सँगै बिक्री गरिन्छ। मूल्य नियमित टिकटको १० वटा बराबर हुन्छ। किनेको व्यक्ति बाहेक अन्य ब्यक्तिहरुले पनि प्रयोग गर्न सक्छन। प्रयोग अवधि र समयहरु तोकिएको हुन्छ। स्टेशनको भेन्डिङ मेसिनबाट या काउन्टरमा किन्न सकिन्छ।
*रेलवे अनुसार उपलब्ध हुने नहुने हुनसक्छ। बिस्तृत जानकारीको लागि स्टेशन स्टाफलाई सम्पर्क गर्नुहोस्।

**Suica（सुइका）と PASMO（पासुमो）**：

Suica र PASMO दुबै रेल र बसहरूमा साझा IC कार्डहरू हुन् जसले तपाईलाई स्वचालित टिकट गेटहरू छोएर मात्र पार गर्न अनुमति दिन्छ। Suica JR East द्वारा बेचिन्छ, र PASMO निजी रेलवे, सबवे र बसहरू द्वारा बेचिन्छ। Suica ले निजी रेलवे, सबवे र बसहरू र PASMO ले JR ट्रेनहरूको प्रयोग गर्न पनि सकिन्छ। कार्डमा ब्यालेन्स कम छ भने, चार्ज गरेर फेरि प्रयोग गर्न सकिन्छ। पहिलो पटक कार्ड खरिद गर्दा, चार्ज बाहेक अलग ५०० येन जम्मा गर्नुपर्नेछ, तर कार्ड

फिर्ता गर्दा जम्मा रकम फिर्ता पाइने छ।
Suica र PASMO तीन प्रकारका हुन्छन्।

- कम्युटर पास ： कम्युटर पास र प्रिपेड कार्ड दुवैको कार्यहरू गर्न सकिन्छ। प्रयोगकर्ता नाम लेखिएको हुन्छ। व्यक्तिगत जानकारी दर्ता गरि, हराएको अबस्थामा पुन: जारी गर्न सकिन्छ (शुल्क लाग्नेछ)। बालबालिकाहरुको लागी पनि छ।
- नाम लेखिएको प्रिपेड कार्ड: व्यक्तिगत जानकारी दर्ता गरि, हराएको अबस्थामा पुन: जारी गर्न सकिन्छ (शुल्क लाग्नेछ)। बालबालिकाहरुको लागी पनि छ।
- नाम नलेखिएको प्रिपेड कार्ड: व्यक्तिगत जानकारी दर्ता गरिएको हुदैन, हराएको अबस्थामा पुन: जारी गर्न सकिदैन।

※　नियमित टिकट दर भन्दा फरक हुन सक्नेछ। बिस्तृत जानकारीका लागि स्टेशन स्टाफलाई सम्पर्क गर्नुहोस्।

## (२)　बस

बस भाडाका बारेमा, सामान्यतया "वयस्क" र "बालबालिका" को लागि मूल्य फरक हुन्छ। धेरै अवस्थामा,१२ वर्ष माथिका "वयस्क" र ६ देखि ११ वर्षकाहरु लाई "बालबालिका" को रुपमा लिइन्छ। प्राथमिक विद्यालयका विद्यार्थीहरू १२ वर्षका भए तापनि "बालबालिका"को रुपमा लिइन्छ।५ वर्षसम्मका शिशुहरूको लागि बसको भाडा बस हेरिकन फरक हुन सक्छ। धेरैजसो अवस्थामा, "वयस्क" या "बालबालिका" १जनाको लागि, २ जना सम्म नि:शुल्क हुन्छ, तर तेस्रो शिशु देखि "बालबालिका" भाडा लाग्दछ। ० वर्ष को नि: शुल्क हुन्छ।

बस भाडाको भुक्तानी विधि बसको प्रकार अनुसार फरक हुन्छ। सामान्यतया, बसको अगाडिको प्रवेशद्वारबाट बस चढ्दा, भाडा त्येहिबेला तिर्नु पर्नेहुन्छ। बसको बिच वा पछाडिको प्रवेशद्वारबाट चढ्दा, भाडा त्येहिबेला नतिरी प्रवेशद्वारमा रहेको नम्बरयुक्त टिकट भेन्डिङ मेसिनबाट नम्बरयुक्त टिकट लिनु पर्दछ। बसबाट ओर्लने बेलामा, ड्राइभरको सिट माथि देखाइएको नम्बर र तपाईसँग रहेको नम्बर गरिएको टिकट नम्बर जस्तै नम्बरमा देखाइएको भाडा,ड्राइभरको सिटको छेउमा रहेको भाडा बक्समा नम्बर टिकट संगै राख्नु पर्दछ।　पहिलो स्टेसनबाट चढ्दा नम्बर टिकट नहुन सक्छ,त्यस समयमा, सबै भन्दा महँगो शुल्क तिर्नुपर्नेछ।धेरै अवस्थामा, Suica र PASMO पनि प्रयोग गर्न सकिन्छ।
Suica वा PASMO प्रयोग गर्दा, चढ्ने बेलामा प्रवेशद्वार नजिकै रहेको कार्ड रिडरमा IC कार्ड तच गरि, चढेको स्थान रेकर्ड गरिन्छ। ओर्लने बेलामा भाडा बक्समा रहेको कार्ड रिडरमा आईसी कार्ड तच गरि भुक्तान गर्न सकिन्छ।

बस, यात्रुको सिग्नलमा बस स्टपमा रोकिनेछ। गन्तव्यको बस स्टपको जानकारी दीइन्छ, झ्यालहरुमा राखिएको बटन थिची संकेत दिनुपर्दछ।

### (३) ट्याक्सी

खाली ट्याक्सी, अगाडिको सिसामा रातो अक्षरमा "खाली कार"「空車」को संकेत राखेको हुन्छ। हात उठाई संकेत गरेमा रोकिनेछ। भाडा ड्राइभरको सिटको छेउमा रहेको मिटरमा हेर्न मिल्दछ। राती १०:०० बजे (स्थान अनुसार ११:०० बजे) देखि बिहान ५:०० बजे सम्म, अतिरिक्त शुल्क लाग्दछ। चड्ने या झर्ने बेलामा, बायाँ पछाडिको ढोका खोल्ने र बन्द गर्ने ड्राइभरले स्वचालित उपकरणको प्रयोग गरि गर्ने गर्दछ।

---

## ५ बैंक ぎんこう

अपार्टमेन्ट वा मान्स्योनको भाडा तिर्न या काम गरेको स्थानबाट तलब प्राप्त गर्दा आदिमा, बैंक खाताको आवश्यक पर्दछ। बैंकमा खाता खोल्नको लागि, पहिचान पुष्टि गर्ने कागजातहरू (निवास कार्ड, राहदानी, आदि) र हस्ताक्षर छाप (हान्को) को आबस्यकता पर्दछ। बैंक अनुसार प्रक्रिया र आवश्यक कागजातहरू फरक पर्न सक्दछ। बिस्तृत जानकारीको लागि,खाता खोल्ने बैंकमा सम्पर्क गर्नुहोस्। साथै, खाता खोल्दा ATM कार्ड बनाउनु भयो भने, ATM प्रयोग गर्न सक्नुहुन्छ, जुन सुविधाजनक छ।

## ६ अन्तर्राष्ट्रिय सम्बन्ध आदान प्रदान र अन्तर्राष्ट्रिय सहयोग गतिविधिहरू

सार्वजनिक संस्था) साइतामा प्रीफेक्चरल अन्तर्राष्ट्रिय सम्बन्ध आदान प्रदान केन्द्र (SIA), प्रिफेक्चरका नागरिकहरूको अन्तर्राष्ट्रिय सम्बन्ध र सहकार्य गतिविधिलाई सहयोग गरि, क्षेत्रीय स्तरमा अन्तर्राष्ट्रिय सम्बन्ध आदानप्रदान र सहयोगलाई प्रवर्द्धन गर्दछ। साथै विदेशीहरूलाई परामर्श पनि दिदै आएको छ। यसबाहेक, संघमा साइतामा प्रीफेक्चरमा आधारित अन्तर्राष्ट्रिय सम्बन्ध आदानप्रदान र सहकार्य गर्ने समूहहरूको गतिविधिलाई सहयोग गर्दै,ती समूहहरूको जानकारी प्राप्त गर्ने ठाउँको रूपमा "अन्तर्राष्ट्रिय एक्सचेन्ज प्लाजा" जोडिएको छ।

### ☎ परामर्श / सम्पर्क

| संस्थाकाे नाम | फोन नम्बर • URL | ठेगाना | रिसेप्शन समय |
|---|---|---|---|
| (सार्वजनिक संस्था) साइतामा प्रीफेक्चरल अन्तर्राष्ट्रिय सम्बन्ध आदान प्रदान केन्द्र<br>https://sia1.jp/ | ०४८-८३३-२९९२ | ५-६-५ किता उरावा, उरावा वडा, साइतामा सिटी<br>साइतामा प्रिफेक्चर उरावा संयुक्त सरकारी भवन 3F | सोमबार देखि शुक्रवार सम्म<br>(सार्वजनिक बिदाहरू, वर्षको अन्त्य र नयाँ वर्ष बिदाहरू बाहेक)<br>८:३०-१७:१५ |

## ७　पर्यटन　かんこう

साइतामा प्रिफेक्चरमा विभिन्न पक्षहरूका धेरै आकर्षणहरू छन्| सुन्दर प्रकृति या इतिहास / संस्कृति अनुभव गर्न सकिने विभिन्न पर्यटकीय स्थलहरू,व्यायामको आनन्द लिन सकिने विभिन्न सुबिधाहरु पनि छन्|

「साइतामा प्रिफेक्चर आधिकारिक पर्यटन साइट चोकोथाबी साइतामा」

(अंग्रेजी)　URL：https://en.chocotabi-saitama.jp/

(सरलीकृत चिनियाँ)　URL：https://ch-kan.chocotabi-saitama.jp/

(परम्परागत चिनियाँ)　URL：https://ch-han.chocotabi-saitama.jp/

(दक्षिण कोरियाली)　URL：https://kr.chocotabi-saitama.jp/

(थाई)　URL：https://th.chocotabi-saitama.jp/

[साइतामा पर्यटन सहायता डेस्क ]

(अंग्रेजी)　URL：https://saitama-supportdesk.com/

(सरलीकृत चिनियाँ)　URL：https://saitama-supportdesk.com/zh-hans/

(परम्परागत चिनियाँ)　URL：https://saitama-supportdesk.com/zh-hant/

「चोकोथाबी साइतामा पर्यटन सूचना ब्यूरो」

Facebook（अंग्रेजी）　URL：

https://www.facebook.com/saitama.japan.en

Facebook（परम्परागत चिनियाँ : ताइवान) URL：

https://www.facebook.com/saitamajapan.zhtw

Facebook（परम्परागत चिनियाँ: हङकङ）URL：

https://www.facebook.com/saitamajapan.zhhk/

Facebook（थाई）　URL：

https://www.facebook.com/saitamajapan.th

Instagram（अंग्रेजी）　URL：

https://www.instagram.com/saitama.japan.official/

रंगको देशमा स्वागत छ पर्यटकीय स्थल/आकर्षण

URL：https://www.pref.saitama.lg.jp/theme/kankou/

साइतामा सांस्कृतिक कार्यक्रम जानकारी

प्रिफेक्चर भित्र गरिने संगीत,थिएटर, कला र अन्य सांस्कृतिक कार्यक्रम जानकारी पोस्ट गरिएको छ।

URL ：http://event-saitama.jp/（आधिकारिक साइट）

## ८ पुस्तकालय としょかん

जापानको सार्वजनिक पुस्तकालयहरू, जो कोहीले नि:शुल्क प्रयोग गर्न सक्छन्। साइतामा प्रिफेक्चरमा बस्ने वा काम गर्ने, अध्ययन गर्नेहरूले साइतामा प्रिफेक्चरल लाइब्रेरीमा किताबहरू, पत्रिकाहरू, सीडीहरू, भिडियोहरू र डीभिडीहरू सापट लिन सक्छन्।आफू बसेको नगरपालिकाको पुस्तकालयमा अनुरोध गर्यो भने, अन्य पुस्तकालयहरूबाट अर्डर गर्ने सर्विस पनि लिन सकिन्छ, नजिकको पुस्तकालयसँग परामर्श गर्नुहोस्।

साथै, साइतामा प्रिफेक्चरल कुमागाया पुस्तकालयमा, विदेशी भाषाका सामग्रीहरू सङ्कलन गरेको "विदेशी सामग्री कर्नर" छ।सर्वेक्षण र परामर्शहरू पनि स्वीकार गर्छौं, सम्पर्क गर्न नहिचकिचाउनुहोस्।

### परामर्श /सम्पर्क

| संस्थाको नाम | फोन नम्बर • URL | ठेगाना | रिसेप्शन समय |
|---|---|---|---|
| साइतामा प्रिफेक्चरल कुमागाया पुस्तकालय | ०४८-५२३-६२९१<br>फ्याक्स: ०४८-५२३-६४६८ | ५-६-१ हाकोडा, कुमागाया शहर | ○ सामान्य सामग्री, साइतामा सामग्री, पत्रपत्रिका/विविध पत्रिकाहरू, सीडीहरू, भिडियोहरू, डीभिडीहरू<br>मङ्गल-शुक्र<br>९:००-२०:०० (जून-सेप्टेम्बर)<br>९:००-१९:०० (अक्टोबर-मे)<br>शनिबार, आइतबार र बिदाहरू<br>९:००-१७:००<br>児童資料他<br>बालबालिकाको सामग्री, आदि।<br>मङ्गलबार-रवि/बिदाहरू<br>९:००-१७:०० |
| साइतामा प्रिफेक्चरल कुकी पुस्तकालय | ०४८०-२१-२६५९<br>फ्याक्स: ०४८०-२१-२७९१ | ८५-५ शिमोहयामी, कुकी शहर | |
| साइतामा प्रिफेक्चरल कुमागाया पुस्तकालय उरावा शाखा | ०४८-८४४-६१६५<br>फ्याक्स: ०४८-८४४-६१६६ | ४-३-१८ ताकासागो, उरावा वार्ड, साइतामा सिटी प्रिफेक्चरल अभिलेखागार | मङ्गल-रवि ९:००-१७:००<br>＊बुकिङ्ग गरेको सामग्रीहरू लिन, फिर्तागर्न र प्रतिलिपि गर्न सर्विस काउन्टर (पुस्तकालय छैन) |

| | | | |
|---|---|---|---|
| कार्यालय※ | | पहिलो तला | |

○ साइतामा प्रिफेक्चरल पुस्तकालय वेबसाइट

https://www.lib.pref.saitama.jp/　（जापानी）

https://www.lib.pref.saitama.jp/foreign/index.html　（中文、한국・조선어판、Tiếng Việt 、English、português、español、français、やさしい日本語）

○ साइतामा प्रिफेक्चरल पुस्तकालय प्रयोगकर्ता गाइड

https://www.lib.pref.saitama.jp/collection/docs/chinese.pdf　（中文）
https://www.lib.pref.saitama.jp/collection/docs/korean.pdf　（한국・조선어판）
https://www.lib.pref.saitama.jp/collection/docs/vietnamese.pdf（Tiếng Việt）
https://www.lib.pref.saitama.jp/collection/docs/english.pdf（English）
https://www.lib.pref.saitama.jp/collection/docs/portuguese.pdf（português）
https://www.lib.pref.saitama.jp/collection/docs/french.pdf（français）
https://www.lib.pref.saitama.jp/collection/docs/spanish.pdf　（español）
https://www.lib.pref.saitama.jp/collection/docs/japanese.pdf（やさしい日本語）

○ साइतामा प्रिफेक्चरमा सार्वजनिक पुस्तकालयहरूको सूची

https://www.lib.pref.saitama.jp/about/post-1.html　（जापानी）

9　कला संग्रहालय　びじゅつかん

साइतामा प्रीफेक्चरल आधुनिक कला संग्रहालय, JR किता उरावा स्टेशन देखि पैदल नजिकैको किता उरावा पार्कको भित्र छ। मोनेट, चागल र पिकासो जस्ता विदेशी मास्टरहरूदेखि लिएर समकालीन जापानी कलाकारहरूसम्म, उत्कृष्ट कलाकृतिहरूको प्रदर्शनीको आनन्द लिन सकिन्छ। धेरै राम्रा डिजाइनका कुर्सीहरू पनि प्रदर्शनमा छन्।

## ☎परामर्श　/ सम्पर्क

| संस्थाको नाम | फोन नम्बर • URL | ठेगाना | रिसेप्शन समय |
|---|---|---|---|
| साइतामा प्रीफेक्चरल आधुनिक कला संग्रहालय | ०४८-८२४-०१११<br>https://pref.spec.ed.jp/momas/ | ९-३०-१ टोकिवा, उरावा-कु, साइतामा-शी | १०:००-१७:३०<br>※प्रदर्शनी कोठामा प्रवेश १७:०० सम्म<br>※सोमबार बन्द हुनेछ (सार्वजनिक बिदा, प्रिफेक्चरल सिटिजन डे मा खुला रहनेछ)<br>वर्षको अन्त्य र नयाँ वर्ष बिदाहरू, अन्य अस्थायी बन्द र अस्थायी खुला रहन सक्नेछ<br>प्रवेश शुल्क: MOMAS सङ्कलन, वयस्कहरूका लागि २०० येन, हाईस्कूलका विद्यार्थी/विद्यार्थीहरूका लागि १०० येन, जुनियर हाई स्कूल भन्दा साना विद्यार्थीहरूका लागि नि:शुल्क<br>※विशेष प्रदर्शनीको लागि प्रवेश शुल्क विशेष प्रदर्शनीमा निर्भर गर्दछ। |

１０　संग्रहालय　はくぶつかん

① साइतामा प्रीफेक्चरल इतिहास र लोकगीतको संग्रहालय, ओमिया पार्क भित्र छ। इतिहास, लोककथा, कला र शिल्पसँग सम्बन्धित सामान्य मानविकी संग्रहालय,राष्ट्रिय खजाना तरवार/

ट्यान्टो र ताइहेकी/इमाकी जस्ता देशले तोकेका, प्रिफेक्चरले तोकेका सांस्कृतिक गुणहरू समावेश छन्।

② 　साइतामा प्रीफेक्चरल साकितामा ऐतिहासिक संग्रहालय, राष्ट्रिय विशेष ऐतिहासिक स्थल साइतामा(साकितामा) कोफुनगुन भित्र छ।

संग्रहालयको प्रदर्शनी कोठामा राष्ट्रिय खजाना, मुसाशी इनारियामा समाधिस्थलबाट उत्खनन गरिएका धेरै मूल्यवान सामग्रीहरू प्रदर्शन गरिएका छन्, जसमा राष्ट्रिय खजाना सुनले लगाएको फलामको तरवार पनि समावेश छ।

③ 　साइतामा प्रीफेक्चरल रञ्जन ऐतिहासिक संग्रहालय सुगाया याकाता (किल्ला मैदान) मा अवस्थित छ, जुन राष्ट्रिय रूपमा तोकिएको ऐतिहासिक स्थल हो। यो ऐतिहासिक स्थल कामाकुरा अवधि (११८७-१३३३) मा धेरै सामुराई निवासहरूको घर थियो, त्यसपछि सेन्गोकु (युद्धकारी राज्य) अवधि (१४६७-१५६८) मा महलहरू थिए। संग्रहालयले आगन्तुकहरूलाई मध्य युग (लगभग १२ औं शताब्दीदेखि १६ औं शताब्दी) मा साइतामा प्रिफेक्चरको बारेमा अध्ययन गर्न सकिने संग्रहालय हो।

④ 　साइतामा प्रीफेक्चरल प्रकृति संग्रहालय、 साइतामाको प्रकृति र यसको पालनपोषण, प्रकृति र मानिसको जीवन बिचको सम्बन्धलाई परिचय गराउने प्राकृतिक संग्रहालय हो। "Paleoparadoxia" का वास्तविक जीवाश्म (राष्ट्रिय रूपमा तोकिएको प्राकृतिक स्मारक) वा विशाल शार्क "Carcharodon Megalodon" को पुनर्स्थापित मोडेल हेर्न सकिन्छ

⑤ 　साइतामा प्रिफेक्चरको मातृ नदी अराकावा नदीको विषयवस्तुमा, अराकावा नदीको प्रकृति, बाढी र बाढी नियन्त्रणको इतिहास,मुख्यतया डुङ्गा यातायातको लागि नदीहरूको प्रयोगको इतिहास परिचय गराउँछ। सँगै यसले नदी/पानी र जनताको जीवनबीचको सम्बन्धलाई पनि परिचय गराउँछ।

## ☎परामर्श　/ सम्पर्क

| संस्थाकाे नाम | फोन नम्बर・URL | ठेगाना | रिसेप्शन समय |
|---|---|---|---|
| ① साइतामा प्रीफेक्चरल इतिहास र लोकगीतको संग्रहालय | ०४८-६४१-०८९०<br>https://saitama-rekimin.spec.ed.jp/ | ४-२१९ ताकाहानाचो, ओमिया वार्ड, साइतामा सिटी | ९:००-१६:३०<br>(जुलाई र अगस्ट ९:००-१७:००)<br>※रिसेप्शन समय बन्द हुनु भन्दा ३० मिनेट अघि सम्म<br>※सोमबार बन्द हुनेछ (सार्वजनिक बिदा, वैकल्पिक बिदा, गोल्डेन वीक, प्रिफेक्चरल सिटिजन डे बाहेक)<br>१२/२९–१/१、 अन्य अस्थायी बन्द र |

| संस्थाको नाम | फोन नम्बर • URL | ठेगाना | रिसेप्शन समय |
|---|---|---|---|
| | | | अस्थायी खुला रहन सक्नेछ<br>प्रवेश शुल्क: (स्थायी प्रदर्शनी) वयस्कहरूको लागि ३०० येन, हाई स्कूलका विद्यार्थी/विद्यार्थी १५० येन (विशेष प्रदर्शनी) (विशेष प्रदर्शनीहरूको लागि प्रदर्शनी अनुसार मूल्य निर्धारण हुनेछ)<br>※जुनियर हाई स्कूल भन्दा साना विद्यार्थीहरूका लागि नि:शुल्क |
| ②साइतामा प्रीफेक्चरल साकितामा ऐतिहासिक संग्रहालय | ०४८-५५९-११११<br>https://sakitama-muse.spec.ed.jp/ | ४८३४ साइतामा, ग्योडा सिटी | ९:००-१६:३०<br>(जुलाई र अगस्टमा १७:०० सम्म)<br>※प्रदर्शनी कोठामा प्रवेश रिसेप्शन समय बन्द हुनु भन्दा ३० मिनेट अघि सम्म<br>※सोमबार बन्द हुनेछ (सार्वजनिक बिदा, वैकल्पिक बिदा, गोल्डेन वीक, प्रिफेक्चरल सिटिजन डे, मा खुला रहनेछ） 、 वर्षको अन्त्य र नयाँ वर्ष बिदाहरू, अन्य अस्थायी बन्द र अस्थायी खुला रहन सक्नेछ<br>※प्रवेश शुल्क: वयस्कहरूको लागि २०० येन, हाई स्कूलका विद्यार्थीहरू र अन्य विद्यार्थीहरूको लागि १०० येन, जुनियर हाई स्कूल भन्दा साना विद्यार्थीहरूका लागि नि:शुल्क<br>※साइतामा समाधिस्थल, राष्ट्रिय खजाना प्रदर्शनी कोठामा सामग्री (मुसाशी इनारियामा समाधिस्थलबाट उत्खनन गरिएका आदि) धेरै भाषाहरूमा प्रस्तुत गरिएको छ<br>※राष्ट्रिय खजाना प्रदर्शनी कोठामा सामग्री (मुसाशी इनारियामा समाधिस्थलबाट उत्खनन गरिएका आदि) बहुभाषिक पर्चाहरूमा प्रस्तुत गरिएको छ।<br>(भाषाहरू: जापानी, अंग्रेजी, चिनियाँ (सरलीकृत/परम्परागत), दक्षिण कोरियाली) |

| संस्थाको नाम | फोन नम्बर • URL | ठेगाना | रिसेप्शन समय |
|---|---|---|---|
| ② साइतामा प्रीफेक्चरल रञ्जन ऐतिहासिक संग्रहालय | ०४९-३६२-५८९६<br>https://ranzan-shiseki.spec.ed.jp/ | ७५ सुगया, रञ्जन-चो | ९:००-१६:३०<br>(जुलाई र अगस्टमा १७:०० सम्म)<br>※बन्द हुनु भन्दा ३० मिनेट अघि सम्म प्रवेश गर्न सकिनेछ।<br>※सोमबार बन्द हुनेछ (सार्वजनिक बिदा, वैकल्पिक बिदा, गोल्डेन वीक, प्रिफेक्चरल सिटिजन डे, मा खुला रहनेछ）、 वर्षको अन्त्य र नयाँ वर्ष बिदाहरू, अन्य अस्थायी बन्द र अस्थायी खुला रहन सक्नेछ<br>प्रवेश शुल्क: वयस्कहरूको लागि १०० येन, हाई स्कूलका विद्यार्थीहरू र अन्य विद्यार्थीहरूको लागि ५० येन, जुनियर हाई स्कूल भन्दा साना विद्यार्थीहरूका लागि नि:शुल्क |
| ④साइतामा प्रीफेक्चरल प्रकृति संग्रहालय | ०४९-४६६-०४०४<br>https://shizen.spec.ed.jp/ | नागाटोरो टाउन नागाटोरो १४१७-१ | ९:००-१६:३० (जुलाई र अगस्टमा १७:०० सम्म)※बन्द हुनु भन्दा ३० मिनेट अघि सम्म प्रवेश गर्न सकिनेछ।<br>बन्द: सोमबार (सार्वजनिक बिदा, वैकल्पिक बिदा, गोल्डेन वीक, प्रिफेक्चरल सिटिजन डे, र जुलाई १ देखि अगस्ट ३१ सम्म बाहेक) वर्षको अन्त्य र नयाँ वर्ष बिदा, अस्थायी रूपमा बन्द हुन सक्छ<br>प्रवेश शुल्क: वयस्कहरूको लागि २०० येन, हाई स्कूलका विद्यार्थीहरू र अन्य विद्यार्थीहरूको लागि १०० येन, जुनियर हाई स्कूल भन्दा साना विद्यार्थीहरूका लागि नि:शुल्क |
| ⑤साइतामा प्रीफेक्चरल नदी संग्रहालय | ०४८-५८१-७३३३<br>https://www.river-museum.jp/ | योरिचो कोजोनो ३९ | ९:००-१७:००<br>（गर्मी बिदाको समयमा समय बढ्न सक्ने）<br>※बन्द हुनु भन्दा ३० मिनेट अघि सम्म प्रवेश गर्न सकिनेछ। |

| संस्थाको नाम | फोन नम्बर • URL | ठेगाना | रिसेप्शन समय |
| --- | --- | --- | --- |
| | | | ※सोमबार बन्द हुनेछ (सार्वजनिक बिदा, वैकल्पिक बिदा, गोल्डेन वीक, प्रिफेक्चरल सिटिजन डे, र गर्मी बिदा बाहेक),वर्षको अन्त्य र नयाँ वर्ष बिदा, अस्थायी रूपमा बन्द हुन सक्छ<br>प्रवेश शुल्क: वयस्कहरूको लागि ४१० येन, हाई स्कूलका विद्यार्थीहरू र अन्य विद्यार्थीहरूको लागि २०० येन, जुनियर हाई स्कूल भन्दा साना विद्यार्थीहरूका लागि नि:शुल्क<br>पार्किङ स्थल: सामान्य कार ३०० येन |

# अध्याय १२
# परामर्श बिभाग



साइतामा प्रिफेक्चरको मस्कट कोबाटोन

१ सामान्य परामर्श　いっぱんてきな　そうだん

२ विशेषज्ञ परामर्श　せんもんてきな　そうだん

---

## १ सामान्य परामर्श　いっぱんてきな　そうだん

| स्थान | फोन नम्बर・URL | भाषा | परामर्श दिन | समय |
|---|---|---|---|---|
| विदेशी बासिन्दाहरूको लागि परामर्श केन्द्र साइतामा (साइतामा प्रिफेक्चर उरावा संयुक्त सरकारी भवन 3F (साइतामा अन्तर्राष्ट्रिय सम्बन्ध संघ भित्र)<br>* यदि तपाईलाई कुनै सार्वजनिक संस्था (सिटी अफिस, आदि) को काउन्टरमा जापानी भाषा बुझ्न समस्या भएको छ भने, काउन्टरमा रहेका कर्मचारीहरूलाई फोन गर्न लगाउनुहोस। परामर्श केन्द्रले फोनबाट दोभाषेको रूपमा काम गर्नेछ। | ०४८-८३३-३२९६<br>https://sia1.jp/foreign/advice/ | जापानी, अंग्रेजी, चिनियाँ, स्पेनिश,पोर्चुगिज,दक्षिण कोरियाली,उत्तर कोरियाली,तागालोग, थाई, भियतनामी, इन्डोनेसियाली, नेपाली, रुसी, क्रोएसियाली (समय लिनु पर्नेछ) | सोमबार देखि शुक्रवार सम्म<br>*सार्वजनिक बिदाहरू र वर्षको अन्त्य र नयाँ वर्ष बिदाहरू बाहेक<br>* अध्यागमन प्रणाली, श्रम मुद्दाहरू, कानुनी मुद्दाहरू, र सामाजिक कल्याणका मुद्दाहरू सम्बन्धी आमने-सामने परामर्शका लागि समय लिनु पर्नेछ। | ९:००-१६:०० |
| साइतामा लैङ्गिक समानता प्रवर्द्धन केन्द्र (WITH YOU साइतामा)<br>* मानव सम्बन्ध, परिवार, दम्पती, घरेलु हिंसा, आदि जस्ता विभिन्न सरोकारहरूको लागि परामर्श। | ०४८-६००-३८००<br>https://www.pref.saitama.lg.jp/withyou/counsel/guide.html | जापानी | सोमबार देखि शनिबार सम्म (बिहीबार बाहेक)<br><br>आइतबार, बिदाहरू<br>* वर्षको अन्त्य र नयाँ वर्ष बिदाहरू बाहेक | ९: ३०～२०:३०<br><br>९: ३०～१७: ०० |

| स्थान | फोन नम्बर · URL | भाषा | परामर्श दिन | समय |
|---|---|---|---|---|
| आगेओ सिटी हल<br>"हेलो कर्नर"<br>सोमबार: तेस्रो एनेक्स पहिलो तला<br>शनिबार: मुख्य भवन ५०१ सम्मेलन कोठा | ०४८-७७५-५१११<br>(एक्सटेंशन ८१० )<br>https://www.city.ageo.lg.jp/page/4-hc.html<br><br>(भियतनामीमा इमेल परामर्श समर्थन)<br>https://www.city.ageo.lg.jp/ques/questionnaire.php?openid=295&check | (फेस-टु-फेस) स्पेनिश | पहिलो, दोस्रो, तेस्रो, पाचौं सोमबार र चौथो शनिबार | ९:००～१२:००<br>१३:००～१६:०० |
| | | (फेस-टु-फेस) अंग्रेजी | | ९:००～१२:०० |
| | | (फेस-टु-फेस) चिनियाँ 、<br>(फेस-टु-फेस) पोर्चुगिज | | १३:००～१६:०० |
| | | (इमेल) भियतनामी | — | — |
| | | (आगन्तुकहरूको लागि फोनमा अनुवाद गरिन्छ।)<br>अंग्रेजी, चिनियाँ, स्पेनिश,पोर्चुगिज,दक्षिण कोरियाली, भियतनामी, नेपाली, इन्डोनेसियाली, रुसी, क्रोएसियाली, तागालोग, थाई, हिन्दी, मंगोलियन | सोमबार देखि शनिबार सम्म | ८:३०～१७:०० |
| इरुमा सिटी अफिस A भवन दोस्रो तला<br>क्षेत्रीय पदोन्नति खण्ड<br>विदेशीहरूको लागि परामर्श डेस्क | ०४२-९६४-११११<br>(एक्सटेंशन २१४७)<br>https://www.city.iruma.saitama.jp/kurashi/gaikoku/kakushusodan/sodan_gaikoku/6050.html | अंग्रेजी | हरेक मंगलबार<br>पहिलो बिहीबार<br>दोस्रो र चौथो शुक्रबार समय लिनु पर्नेछ। | ९:००～१२:०० |
| | | स्पेनिश | बिहीबार | |
| | | चिनियाँ | पहिलो बिहीबार | |
| कावागुची शहर<br>सहयोग प्रवर्द्धन खण्ड<br>बहुसांस्कृतिक बिभाग<br>(क्युपो रा मुख्य भवन M चौथो तल्ला)<br>* सरल जीवनशैली परामर्श | ०४८-२२७-७६०७<br><br>https://www.city.kawaguchi.lg.jp/soshiki/01060/020/4/3584.html | जापानी, अङ्ग्रेजी, चिनियाँ, दक्षिण कोरियाली, भियतनामी, नेपाली, इन्डोनेसियाली, तागालोग, थाई, पोर्चुगिज, स्पेनिश, हिन्दी, फ्रान्सेली, रुसी, म्यान्मारी, खमेर, जर्मनी, इटालियन, मलय, मंगोलियन, सिंहला (भाषा अनुसार समय फरक हुनेछ) | मंगलबार देखि शनिबार सम्म<br>* राष्ट्रिय बिदाहरू र वर्ष-अन्त र नयाँ वर्ष बिदाहरूमा बिदा। *तलका दिनहरूमा, अन्तर्राष्ट्रिय सम्बन्धका कर्मचारी र विदेशीहरूका लागि एक सल्लाहकार उपलब्ध हुनेछन्।<br>मंगलबार देखि शनिबार सम्म : अंग्रेजी/चिनियाँ हरेक मंगलबार: तागालोग<br>हरेक बुधबार: दक्षिण कोरियाली<br>दोस्रो र चौथो शनिबार: भियतनामी | ९:००～१२:००<br>१३:००～१७:१५ |
| कावागुची सिटी अफिस मुख्य भवन<br>(नागरिक डिभिजन काउन्टर) | ०४८-२५८-१११० | जापानी, अंग्रेजी, चिनियाँ, टर्की<br>*टर्की परामर्श डेस्कहरू परिवर्तन हुन सक्नेछन्। | हरेक बिहीबार | १०:००～१२:००<br>१३:००～१६:०० |
| कावागुची सिटी अफिस<br>विदेशीहरूको प्रक्रियाहरूका लागि परामर्श | ०४८-२५९-९०३७<br>०४८-२५९-९०३८<br>(नागरिक | जापानी<br>* अग्रिम समय लिनु पर्नेछ | तेस्रो बुधबार | १३:३०-१६:०० |

| | | | | |
|---|---|---|---|---|
| * प्रशासनिक लेखक(वकिल) द्वारा परामर्श | सल्लाहकक्ष) | | | |
| कावागोए सिटी अफिस अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्र (कुरास्से कावागोए ५ औं तला) | ०४९-२२८-७७२३<br><br>https://www.city.kawagoe.saitama.jp/kurashi/bunkakyoyo/kokusaikoryu/foreigncitizenconsul.html | जापानी, भियतनामी | पहिलो र तेस्रो शनिबार | १३:००～१८:०० |
| | | जापानी, चिनियाँ | दोस्रो र चौथो सोमबार | |
| | | भिसा सम्बन्धि (जापानी) | चौथो शनिबार | |
| | | कानूनी सल्लाह (जापानी) ※अग्रिम समय लिन सकिने छ | चौथो शुक्रबार | १५:००～१७:०० |
| साइतामा सिटी ओमिया वडा कार्यालय<br>दोस्रो तला | ०४८-६४६-३०९७ (नागरिक सल्लाहकक्ष)<br>* राष्ट्रिय बिदाहरू, वर्ष-अन्त र नयाँ वर्षहरूमा बिदा | अंग्रेजी, तागालोग | सोमबार | ९:००-१२:०० |
| | | दक्षिण कोरियाली, उत्तर कोरियाली | मंगलबार | |
| | | भियतनामी | बुधबार | |
| | | चिनियाँ | बिहीबार | |
| (सार्वजनिक निगम) साइतामा पर्यटन तथा अन्तर्राष्ट्रिय संघ अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्र (उरवा स्टेशन पूर्वी गेट कोमुनारे ९F)<br><br>भिडियोफोन अनुवाद आदि प्रयोग गरि सेवाहरू पनि प्रदान गर्दछौं।<br>* देशी अनुवादकहरू द्वारा अनुबाद गरिने विशेष भिडियोफोन (१६ भाषाहरूमा उपलब्ध छन्)<br>*बाह्य कलहरूको लागि तेस्रो पक्ष मार्फत गरिने अनुबाद (१४ भाषाहरूमा उपलब्ध छन्) | ०४८-८८७-१५०६<br><br>https://www.stib.jp/kokusai/consult.shtml<br>* राष्ट्रिय बिदाहरू, वर्ष-अन्त र नयाँ वर्षहरूमा बिदा | जापानी | सोमबार देखि बिहीबार सम्म | १०:००-१७:०० (रिसेप्शन १६:३० सम्म प्रति) |
| | | चिनियाँ | मंगलबार | ९:००-१२:००<br>१३:००-१५:००<br>(रिसेप्शन १४:०० सम्म) |
| | | अंग्रेजी | बुधबार, | ९:००-१२:३०<br>१३:००～१४:३०<br>(रिसेप्शन १४:०० सम्म) |
| | | दक्षिण कोरियाली, उत्तर कोरियाली | बिहीबार | ९:००-१२:००<br>१३:००-१५:००<br>(रिसेप्शन १४:०० सम्म)<br>९:००-१६:०० |

| स्थान | फोन नम्बर・URL | भाषा | परामर्श दिन | समय |
|---|---|---|---|---|
| सायमा सिटी अफिस दोस्रो तला<br>स्व-शासन संस्कृति बिभाग<br>सायमा सिटी अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्र<br>विदेशीहरूको लागि परामर्श सहयोग | ०४२-९७२-४५८४<br>https://www.sifa.saitama.jp/ | अंग्रेजी र Pocketalk मा बहुभाषीक सामग्री (जीवन परामर्श, कानूनी परामर्श, आदि)<br>इन्चार्ज अफिसमा जानुहोस् (सँगै) र परामर्शको सामग्रीको अनुबाद गरिन्छ। | सोमबार, बुधबार, शुक्रवार | ९:००-१६:०० |
| शिकी सिटी अफिस<br>नागरिक गतिविधि प्रवर्द्धन विभाग<br>विदेशीहरूको लागि आवेदन र परामर्श सहयोग | ०४८-४७३-११११ (एक्सटेन्सन २०९६५)<br>परामर्श दिनहरू बाहेक अन्य दिनहरूको लागि अग्रिम समय लिनु पर्नेछ<br>https://www.city.shiki.lg.jp/soshiki/12/2332.html | अंग्रेजी | पहिलो बिहीबार、<br>तेस्रो मंगलबार | १०:००～१२:०० |
| | | चिनियाँ | पहिलो बिहीबार<br>तेस्रो सोमबार | १४:००～१६:००<br>१०:००～१२:०० |
| | | भियतनामी<br>※अग्रिम समय लिन सकिनेछ | | |
| सोका सिटी अफिस<br>अन्तर्राष्ट्रिय परामर्श कर्नर | ०४८-९२२-२९७०<br>https://www.city.soka.saitama.jp/cont/s1402/010/020/030/01.html | अंग्रेजी, चिनियाँ, स्पेनिश, दक्षिण कोरियाली, थाई, | सोमबार, बुधबार, शुक्रवार | ९:００～१७:०० |
| | | | मंगलबार, बिहीबार | अग्रिम समय लिन पर्नेछ |
| तोकोरोजावा सिटी अफिस<br>नागरिक परामर्श विभाग | ०४२-९९८-९०९२ | चिनियाँ | पहिलो र तेस्रो बिहीबार | १०:००-१२:००<br>(रिसेप्शन ११:३० सम्म) |
| | | अंग्रेजी、 तागालोग | दोस्रो र चौथो बिहीबार | |
| टोडा सिटी अफिस ३औं तला<br>सहयोग प्रवर्द्धन विभाग<br>टोडा सिटी विदेशी नागरिकहरूको लागि परामर्श कर्नर | ०४८-४४१-१८००<br>(एक्सटेन्सन ४८३)<br>https://www.city.toda.saitama.jp/soshiki/192/community-gaikokujin-soudan.html | अंग्रेजी | सोमबार・बुधबार | ९:००-१२:००<br>१३:००-१७:०० |
| | | चिनियाँ<br>*परिवर्तन हुन सक्नेछन्<br>*अनुवाद मेसिन तयार गरिएको छ। | मंगलबार・बिहीबार・शुक्रबार | |
| (सार्वजनिक संस्था) टोडा सिटी अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्र<br>(टोडा सिटी कार्यालय सिन्जो | ०४८-४३४-५६९० <br>https://toda- | ①जापानी、 अंग्रेजी、 चिनियाँ<br>②जापानी、 अंग्रेजी、 | ① मंगलबार　देखि आइतबार सम्म | ① ८:४५-१७:३० |

| | | | | |
|---|---|---|---|---|
| मिनामी सरकारी भवन दोस्रो तला))<br>①विदेशीहरुका समस्या र जीबनयापनका लागि परामर्श सेवा<br>②विदेशीहरूको लागि कानूनी परामर्श | tifa.com/for-foreign-residents/ | चिनियाँ<br>※अन्य भाषाहरूको लागि सल्लाह गर्नुहोस्<br>(अघिल्लो दिनको १२ :०० बजे सम्ममा फोन या रिसेप्शनमा बुकिंग गर्नुहोस् ) | ② प्रत्येक महिनाको दोस्रो बुधबार | ② १४:००～/<br>१५:००～/<br>१६:००～/<br>*दिनमा तीन पटक |
| हन्नो सिटी अफिस<br>स्वायत्तता प्रवर्द्धन विभाग | https://www.city.hanno.lg.jp/kurashi_seikatsukankyo/shiminnosodammadoguchi/6543.html | अंग्रेजी (अग्रिम समय लिन पर्नेछ)<br>स्पेनिश (अग्रिम समय लिन पर्नेछ) | पहिलो र तेस्रो बिहीबार<br>चौथो सोमबार | ९:००-१२:०० |
| फुजिमी सिटी अफिस | ०४९-२५१-२७११<br>(रिसेप्शन २७२)<br>विदेशी नागरिकहरूको लागि परामर्श)<br>https://www.city.fujimi.saitama.jp/kurashi_tetsuzuki/01soudan/2010-0517-1125-137.html | अंग्रेजी、चिनियाँ、दक्षिण कोरियाली, तागालोग, स्पेनिस<br>*समर्थित भाषाहरूको जानकारी लिनुहोस् | बिहीबार<br>(अग्रिम समय लिन सकिनेछ) | १३:००-१६:०० |
| | ०४९-२६९-६४५०<br>(फुजिमिनो अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्र) | | शुक्रवार | १०:००-१३:०० |
| फुजिमिनो सिटी अफिस | | | सोमबार देखि शुक्रवार सम्म | १३:००-१६:०० |
| | | | मंगलबार देखि बिहीबार सम्म | १०:००-१६:०० |
| मियोशी टाउन हल | | | सोमबार | १०:००-१३:०० |
| | | | बिहीबार | १३:००-१६:०० |
| फुजिमिनो अन्तर्राष्ट्रिय सम्बन्ध | ०४९-२६९-६४५० | | सोमबार देखि शुक्रवार सम्म | १०:००-१६:०० |

| | | | | |
|---|---|---|---|---|
| केन्द्र (FICEC)<br>〒३५६-०००४<br>५-४-२५ कामिफुकुओका, फुजिमिनो सिटी | ०४९-२५६-४२९०<br>http://www.ficec.jp/ | | सनिबार र आइतबार | १३:००-१६:०० |
| वाराबी सिटी हल पहिलो तला<br>नागरिक परामर्श विभाग<br>विदेशीहरूको लागि सामान्य परामर्श काउन्टर | ०४८-४३३-७७४५<br>https://www.city.warabi.saitama.jp/shogaigakushu/kouryu/1006312/1007155.html | (कर्मचारीहरु द्वारा प्रतिक्रिया)<br>जापानी, अंग्रेजी, चिनियाँ<br><br>(बहुभाषी अनुवाद मेसिन द्वारा सहयोग) ६१ भाषाहरू | सोमबार देखि शुक्रवार सम्म<br>(बिदा बाहेक) | ८:३०-१७:१५<br><br>जीवन शैली परामर्श, सिटी अफिसमा प्रशासनिक प्रक्रियाहरु गर्न सहयोग |

२　विशेषज्ञ परामर्श　　せんもんてきな　そうだん

| स्थान | फोन नम्बर・URL | भाषा | परामर्श दिन | समय |
|---|---|---|---|---|
| साइतामा बार एसोसिएसन<br>कानुनी परामर्श केन्द्र<br>विदेशी मुद्दाहरू २पटक सम्म नि: शुल्क<br>(विदेशीहरूका लागि कानुनी परामर्श) | ०४८-७१०-५६६<br>https://www.saiben.or.jp/foreiner.html | जापानी भाषा<br>* रिजर्भेसन गर्नु पर्नेछ | रिजर्भेसन रिसेप्शन : सोमबार देखि शुक्रवार सम्म<br><br>परामर्श दिन :<br>बुधबार/शुक्रबार | ९:००-१७:००<br><br>१३:००-१६:०० |
| कानून टेरैस साइतामा (जापान कानूनी सहायता केन्द्र साइतामा क्षेत्रीय कार्यालय)<br>सोधपुछको सामग्रीमा अनुरुप, सहयोग पुग्ने जापानी कानुनी प्रणाली र बार एसोसिएसनहरू जस्ता सान्दर्भिक संस्थाहरू नि:शुल्क परिचय गराइने छ (कल शुल्क लाग्ने छ)।<br>आय अनुरुप आवश्यकता अनुसार नि: शुल्क कानुनी सल्लाह उपलब्ध छ। | ०५७०-०७८३१२<br>(IP फोनबाट ०५०३३८३-५३७५ मा कल गर्नुहोस्)<br>https://www.houterasu.or.jp/site/chihoujimusho-saitama/ | (फोन) जापानी भाषा मात्र<br>(भ्रमण: रिजर्भेसन गर्नु पर्नेछ)<br>आवश्यकता अनुसार नि:शुल्क कानुनी परामर्श<br>आबस्यकता अनुसार भाषा अनुवादक व्यवस्था गर्नेछौं। | रिजर्भेसन रिसेप्शन : सोमबार देखि शुक्रवार सम्म<br>※बिदाका दिनहरु बाहेक<br><br>परामर्श दिन<br>प्रत्येक महिनाको दोस्रो र चौथो बुधबार<br>※बिदाका दिनहरु बाहेक<br>※सार्वजनिक बिदाहरू र वर्षको अन्त्य र नयाँ वर्ष बिदाहरू बाहेक | ९:००-१७:००<br><br>१३:००-१६:२० |

| | | | | |
|---|---|---|---|---|
| कानून टेरस ▪ बहुभाषी सूचना सेवा<br>※विदेशी भाषा सपोर्ट चाहिने व्यक्तिलाइ पनि, दोभाषे मार्फत कानून टेरसमा जानकारी लिन, परामर्शको लागि रिजर्भेसन गर्न सकिन्छ (कल शुल्क लाग्ने छ)) | ०५७०-०७८३७७ | (फोन)<br>चिनियाँ, अंग्रेजी,<br>स्पेनिश,<br>पोर्चुगिज, दक्षिण कोरियाली<br>भियतनामी<br>तागालोग,<br>नेपाली,<br>थाई | टेलिफोन रिसेप्शन:<br>सोमबार देखि शुक्रवार सम्म<br>※बिदाका दिनहरु बाहेक | ९:००-१७:०० |
| (सार्वजनिक संस्था) प्रवासी निक्केईजिन संघ<br>निक्केईजिन परामर्श केन्द्र | ०४५-२११-१७८८<br>https://jadesas.or.jp/jp/kokunai1/ | जापानी,<br>पोर्चुगिज, स्पेनिश | सोमबार देखि शुक्रवार सम्म | १४:००-१७:३० |

| स्थान | फोन नम्बर · URL | भाषा | परामर्श दिन | समय |
|---|---|---|---|---|
| साइतामा प्रीफेक्चरल प्रहरी मुख्यालय सामान्य परामर्श केन्द्र<br><br>विभिन्न परामर्श, प्रहरी गतिविधिहरू बारे राय र अनुरोधहरू लिन सक्छौ। | #९१११०<br>(डायल लाइनहरू साथै केही आईपी फोनहरूबाट प्रयोग हुदैन )<br>वा<br>०४८-८२२-९१११०<br>साइतामा प्रीफेक्चरल प्रहरी वेबसाइट<br>https://www.police.pref.saitama.lg.jp | जापानी | आबस्यकता अनुसार सधैं | २४ घण्टा<br>*अफिस डे मा १७:१५ पछि शनिबार, आइतबार, सार्वजनिक बिदाहरू, वर्षको अन्त्य र नयाँ वर्षको बिदाहरूमा, साइतामा प्रीफेक्चरल प्रहरी मुख्यालयको सामान्य प्रसासनमा कल ट्रान्सफर गरि सेवा दिइने छ। |
| साइतामा प्रीफेक्चरल पुलिस अपराध पीडित<br>सपोर्ट सेन्टर<br>(नुमाकागे, मिनामी वार्ड, साइतामा सिटी)<br>१-१०-१<br>रामुजा टावर तेस्रो तला | ① ०१२०-३८१-८७८<br>घटना वा दुर्घटनामा संलग्न व्यक्तिहरू र तिनीहरूका परिवारहरूलाइ परामर्श सेवा दिइने छ<br>साइतामा प्रीफेक्चरल प्रहरी वेबसाइट<br>https://www.police.pref.saitama.lg.jp | जापानी | सोमबार देखि शुक्रवार सम्म<br>( सार्वजनिक बिदाहरू, वर्षको अन्त्य र नयाँ वर्ष बिदाहरू बाहेक) | ८:३०-१७:१५ |
| | ② ८१०३<br>(यौन अपराध परामर्श डायल (हातो सान))<br>वा<br>०१२०-८३-८१०३<br>यौन अपराधका पीडितहरू र तिनीहरूका परिवारहरूलाइ परामर्श सेवा दिइने छ | | आबस्यकता अनुसार सधैं | २४ घण्टा<br>*अफिस डे मा १७:१५ पछि शनिबार, आइतबार, सार्वजनिक बिदाहरू, वर्षको अन्त्य र नयाँ वर्षको बिदाहरूमा, साइतामा प्रीफेक्चरल प्रहरी मुख्यालयको सामान्य प्रसासनमा कल ट्रान्सफर गरि सेवा दिइने छ। |
| साइतामा प्रीफेक्चरल पुलिस किशोर<br>( रामुजा टावरको तेस्रो तल्ला, १-१०-१ नुमाकागे, मिनामी-कु, साइतामा सिटी)<br>किशोरहरू आफैं र उनीहरूका अभिभावकहरूबाट, अपराध या धम्की र अपराध पीडितहरू जस्ता किशोरका समस्याहरूमा मनोवैज्ञानिक परामर्शहरू दिइन्छ। | ०४८-८६७-४१५२<br>(अभिभावकहरूका लागि, आदि)<br>०४८-८६१-११५२<br>( किशोरहरूका लागि (युवा टेलिफोन कर्नर))<br><br>साइतामा प्रीफेक्चरल प्रहरी वेबसाइट<br>https://www.police.pref.saitama.lg.jp | जापानी | सोमबार देखि शुक्रवार सम्म<br>( सार्वजनिक बिदाहरू, वर्षको अन्त्य र नयाँ वर्ष बिदाहरू बाहेक) | ८:३०-१७:१५ |

| | | | | |
|---|---|---|---|---|
| साइतामा प्रीफेक्चरल प्रहरी मुख्यालय<br>रेलवे प्रहरी गण<br>रेल भित्र जस्ता, रेलवे संरचना भित्र यौन दुर्व्यवहारका शिकार भएकाहरुलाई परामर्शहरू दिइन्छ। | ०४८-६४१-०७९९ | जापानी | आबस्यकता अनुसार सधैं | २४ घण्टा<br>*महिला प्रहरी अधिकारी बाहेक अन्य प्रहरी अधिकारीले हेर्ने अवस्था पनि हुन सक्छ। |

| स्थान | फोन नम्बर · URL | भाषा | परामर्श दिन | समय |
|---|---|---|---|---|
| साइतामा क्षेत्र कानुनी मामिला ब्यूरो<br>① विदेशी भाषा मानव अधिकार परामर्श डायल<br>③ विदेशी भाषा इन्टरनेट मानव अधिकार परामर्श डेस्क | ① ०५७०-०९०९११<br><br>② https://www.moj.go.jp/JINKEN/jinken21.html | ①② चिनियाँ, दक्षिण कोरियाली, अंग्रेजी, फिलिपिनो, पोर्चुगिज भियतनामी, नेपाली, स्पेनिस, इन्डोनेसियाली, थाई | सोमबार देखि शुक्रवार सम्म<br>( सार्वजनिक बिदाहरू, वर्षको अन्त्य र नयाँ वर्ष बिदाहरू बाहेक) | ① ९:००-१७:०० |
| साइतामा प्रीफेक्चरल पति पत्नी हिंसा परामर्श तथा सहयोग केन्द्र (लैङ्गिक समानता प्रवर्द्धन केन्द्र)<br>* पति/पत्नी, साझेदारहरू, आदिबाट हिंसाको बारेमा परामर्श। | ०४८-६००-३७०० | जापानी, | सोमबार देखि शनिबार सम्म (बिहीबार बाहेक)<br>आइतबार सार्वजनिक बिदाहरू,<br>※वर्षको अन्त्य र नयाँ वर्ष बिदाहरू बाहेक | ९:३०-२०:३०<br><br>९:३०-१७:०० |
| (सार्वजनिक सस्था) एशियन वेलफेयर एजुकेशन फाउन्डेसन<br>शरणार्थी मामिला मुख्यालय (RHQ) | • इन्डोचिनियाँ शरणार्थी/कन्भेन्सन शरणार्थीहरू • पुनर्वास शरणार्थीहरू<br>०१२०-०९०-०९१<br>• पूरक संरक्षित व्यक्ति<br>०१२०-४००-२५०<br>• शरणार्थी मान्यता आवेदक<br>०१२०-९२५-३५७ | जापानी、 अंग्रेजी, फ्रान्सेली, भियतनामी, म्यानमार, युक्रेनी<br>※ अन्य भाषाहरूको लागि अग्रिम सोधपुछ गर्नुहोस् | सोमबार देखि शुक्रवार सम्म | १०:००-१२:००<br>१४:००-१६:०० |